आज मिति २०७६।०९।२३ गतेका दिन यस चौदण्डीगढी नपा. नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलका उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप.प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री पर्शुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देवनारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कुमारी कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,
२१. श्री शिवप्रसाद हुमेगाई - प्रमुख प्रशासकीय अधिकृत
२२. श्री बालकृष्ण आचार्य - लेखा प्रमुख
२३. श्री नेत्र बा. वि.क. - सु.प्र.

प्रस्तावहरु

१. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
२. समपुरक कोषको लागि रकम विनियोजन सम्बन्धमा ।
३. समपुरक कोष र विशेष कोष अन्तर्गतको कार्यक्रमहरु माग गर्ने सम्बन्धमा
४. भूकम्प सुरक्षा दिवस सम्बन्धमा ।
५. बोलपत्र प्रकाशन गर्ने सम्बन्धमा ।
६. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।

Scanned by CamScanner

७. ओयाङ्‌ विकास संघ उदयपुरको माग सम्बन्धमा ।
८. टोल सुधार विकास समितिको माग सम्बन्धमा ।
९. किरात राई समिति वडा नं. ७ को माग सम्बन्धमा ।
१०. नयाँ गेट जडान गर्ने सम्बन्धमा ।
११. कर्मचारी खटाउने सम्बन्धमा ।
१२. मालपोत कार्यालय उदयपुरलाई रकम उपलब्ध गराउने बारे ।
१३. गणकहरुको नियुक्ति सम्बन्धमा ।
१४. लोहाते समूहको कार्यक्रम सम्बन्धमा ।
१५. Ride to Chaudandigadhi र Visit Nepal 2020 को सम्पूर्ण कार्यक्रमहरुको खर्चको स्वीकृति/अनुमोदन गर्ने सम्बन्धमा ।
१६. स्वरोजगार कोष स्थापना सम्बन्धमा ।
१७. पोलिक्लिनिक दर्ता सिफारिस सम्बन्धमा ।
१८. अखिल नेपाल फुटबल संघको च.नं. ५६३, मिति २०७६।९।१३ को पत्र सम्बन्धमा ।
१९. CCTV खरिद तथा जडान सम्बन्धमा ।
२०. काजक्रिरिया खर्च रकम व्यवस्थापन सम्बन्धमा ।
२१. कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी माग सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नपाको विभिन्न वडा बाट चालु आ.व. को लागी स्वीकृत बजेट तथा कार्यक्रमहरु संशोधनको लागी वडा समितिबाट निर्णय भई आएको हुँदा उक्त वडाको निर्णय अनुसार योजना संशोधन गरी अनुमोदनको लागी विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

वडा नं. ७

**चालु तर्फ**

संचालन हुन नसकेका योजना/कार्यक्रमहरु :

१. घरभाडा रु. १,२०,०००।- अक्षेरेपी एक लाख बिश हजार मात्र ।-
२. एक घर एक बिरुवा रु. ५००००।- अक्षेरेपी पचास हजार मात्र ।-

हुनु पर्ने योजना/कार्यक्रमहरु :

१. अध्यक्ष कोष रु. १,२०,०००।- अक्षेरेपी एक लाख बिश हजार मात्र ।-
२. अध्यक्ष कोष रु. ५००००।- अक्षेरेपी पचास हजार मात्र ।-

**पुंजीगत तर्फ**

संचालन हुन नसकेका योजना/कार्यक्रमहरु :

१. अमरेन्द्र झाको घर पश्चिमको बाटो ई.प्र.का. पुर्व गेट हुदै बाटो ग्रावेल रु. ३०००००।- अक्षेरेपी तिन लाख मात्र ।
२. धप्पड गाउँमा बाटो खोली ग्रावेल गर्ने रु. १०००००।- अक्षेरेपी एक लाख मात्र ।
३. बाहुन टोल पुरानो ईनार मर्मत रु. १०००००।- अक्षेरेपी एक लाख मात्र ।-
४. नरे कुलो मेन गेट निर्माण रु. ७००००।- अक्षेरेपी सत्तरी हजार मात्र ।-
५. मदन चोक बाट बाखा हटीया जानेबाटो ढल निर्माण रु. २०००००।- अक्षेरेपी दुई लाख मात्र ।-
६. रातमाटेबाट देवी थान जानेबाटो स्कुल छेउमा ढल निर्माण दक्षिण तर्फ रु. १३००००।- अक्षेरेपी एक लाख तिस हजार मात्र ।-
७. मदन चोक देखी कल्याण चोक पश्चिम पट्टीको ढल निर्माण रु. ५०००००।- अक्षेरेपी पाँच लाख मात्र ।-

हुनु पर्ने योजना/कार्यक्रमहरु :

१. श्री पञ्चमी विद्यालय पश्चिम वाल सारी बाटो ग्रावेल रु. २०००००।- अक्षेरेपी दुई लाख मात्र ।-
२. अहिमान मगरको घरछेउमा ढल बनाउने (उकालोमा) रु. १०००००।- अक्षेरेपी एक लाख मात्र ।-

Scanned by CamScanner

वडा नं. ६

३. मदन चोक देखी कल्याण चोक पश्चिम पट्टीको ढल निर्माण रु. ३५०००0।- अक्षेरेपी तिन लाख पचास हजार मात्र
४. महिला लक्षित उद्घोस तालिम रु. १०००००।- अक्षेरेपी एक लाख मात्र ।-
५. ज्येष्ठ नागरिक सम्मान १०००००।- अक्षेरेपी एक लाख मात्र ।-
६. चौधरी टोल ढल निर्माण रु. ३०००००।- अक्षेरेपी तिन लाख मात्र ।-
७. सि.सि. ब्यामेरा जडान तार समेत रु.२५००००।- अक्षेरेपी दुई लाख पचास हजार मात्र ।-

वडा नं. ३

तपसिल:

| विनियोजित शिर्षक | | | संशोधित शिर्षक | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १. | आमसाल देखि हातीसार बाटो निर्माण (पुंजीगत) | २,००,०००। | १.क | कार्यालय संचालन | १,००,०००। |
| २. | अशोक राईको घर बाट धनी राईको घर मुनी बाटो मर्मत. | ५०,०००। | १.ख | झो.पु. देखि अजिंगरे सम्म बाटो निर्माण | १,००,०००। |
| | | | २. | बीर बहादुरको घर देखि बिजुले भन्ज्याङ्ग बाटो ग्राभेल | ५०,०००। |

तपसिल:

| विनियोजित योजना तथा कार्यक्रम | | | संशाधित योजना तथा कार्यक्रम | | |
|---|---|---|---|---|---|
| क्र.सं | विवरण | रकम | क्र.सं | विवरण | रकम |
| १. | बैठक भत्ता (चालु) | २,००,०००। | १ | बैठक भत्ता (चालु) | १,४४,०००। |
| २. | विविध (चालु) | ५,००,०००।मध्ये | २.क | भान्जीडाडाको खडकाटोल देखि छपालीकोघर सम्म बाटो मर्मत | १,८५,०००। |
| | | | २.ख | राजानागी टोलको पिपल गाछि देखि अनिलको घर हुँदै रसाईली टोल निर्माण | १,५०,०००। |
| ३. | दुर्गम एक्सप्रेस ल्यापटप | ५०,०००। | ३. | दुर्गम एक्सप्रेस क्यामरा | ५०,०००। |
| ४. | कृषि सडक मिना राईको घर देखि जय प्रकाशको घर जाने बाटोमा कल्भर्ट निर्माण | २,१८,०००। | ४. | कृषि सडक मिना राईको घर देखि जय प्रकाशको घर जाने बाटोमा कल्भर्ट निर्माण तथा बाटो मर्मत | २,१८,०००। |
| ५. | शहरी स्वास्थ्य केन्द्र अनुदान | ५,००,०००। | ५. | देउराली सामुदायिक अध्ययन केन्द्र भवन निर्माण | ५,००,०००। |
| ६. | खानेपानी तथा सरसफाई | ३,००,०००। | ६. | एल.टि.विधुत तार खरिद | ४,००,०००। |
| ७ | सांस्कृती प्रबर्द्धन | १,००,०००। | | | |
| ८. | कार्यालय व्यवस्थापन | १,००,०००। | ७. | सडक बती जडान तथा मर्मत | २,१८,०००। |
| ९. | इन्टरनेट जडान | ६२,०००। | | | |
| १०. | बैठक भता (बाँकी) | ५६,०००। | | | |

वडा नं. ४

| संसोध गर्नु पर्ने शिर्षक र रकम रु | संसोधन भई आएको शिर्षक र रकम रु |
|---|---|
| १. भैपरी ५०,०००। पचास हजार मात्र । | बिबिधमा ५०,०००।पचास हजार मात्र। |
| २.कृषि कार्यक्रम २,००,०००। दुई लाख मात्र । | बिबिधमा १,००,०००।एक लाख मात्र । |

जम्मा रु.१,५०,०००।एकलाख पचास हजार ...

Scanned by CamScanner

## वडा नं. ६

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन | ५००००।- | | | |
| | | | ३. | शिक्षा तर्फ शैक्षिक भ्रमणको लागि | |
| | | | क. | भगवती मा. बि. मुसर्हनिया | १००००।- |
| | | | ख. | जनता मा. बि . हडिया | २००००।- |
| ३. | वडा अध्यक्ष फुटबल कप सञ्चालन | १०००००।- | ग. | सिद्देश्वरि मा. बि. हडिया | ३००००।- |
| | | | | चाड पर्ब संस्कृती परम्परा को लागि | |
| | | | घ. | छट पर्ब मनाउनको लागि | ५०००।- |
| | | | ङ. | गणेश मण्डली पुर्बटोल ज्यामिरे | १००००।- |
| | | | | चालु तर्फ | |
| | | | च. | छपाई तथा कार्यालय सञ्चालन | २५०००।- |

## वडा नं. ५

निर्णयहरु

प्रश्ताव न १ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका वडा न ५ मा चालु आव ०७६/०७७ मा विभिन्न शिर्षकमा विनियोजन भएको रकम तपशिल बमोजिम संशोधन गर्ने भनी सर्वसहमतबाट निर्णय पारित गरियो ।

तपशिल

पुरानो योजना

१ पशुको लागी औषधी खरिद रु १,००,०००

२ खानेपानी रु ५०,०००

३ संघ संस्था रु १,००,०००

४. कार्यालय माथिल्लो छत वरन्डामा स्टील लगायत सामाग्रीले घेराबेरा रु ५,००,०००

५. सुन्दरीखोला रु २,००,०००

६. दौलता खोला पुर्वपटी रु ३,००,०००

७. द्वारखोला रु ३,००,०००

संशोधित शिर्षकहरु

क. लैंगिक हिंसा न्युनिकरण सम्वन्धी कार्यकम रु १,००,०००

Scanned by CamScanner

# वडा नं. ५

ख.सडक वत्ती खरिद तथा जडान रु ७,५०,०००

ग. कार्यालय माथिल्लो तला छत , बरन्डा घेराबेरा (अल्मुनियम , स्टील ) रु ३,००,०००

घ. कार्यालयमा नेट जडान , तार खरिद समेत रु २,००,०००

ङ घेरखोला त्रियुगा छेउमा पुर्वपटी बाँध निर्माण रु २,००,०००

टुकाउनु पर्ने योजना

४. मठमन्दिर रु २,५०,००० मध्येको

क. घिमिरे सेवा समाज कुल मन्दिर रु ७०,००० ख.बेल्हा मन्दिर रु ५०,००० ग.राजाजी मन्दिर रु ५०,००० घ. सुवेदी कुल मन्दिर साविक- ४ रु ५०,००० मौज्दात रु ३०,००० मठमन्दिर को मौन्दात रकम रु ३०,०००

५. जोड कोष रु १,५०,०००

क. अगुवा कृषक भ्रमण रु १,००,००० ख. पोल वत्तीको लागी मिटर, तार फ्युज खरिद गर्नेरु५०,०००

६. सम्पुर्ण लक्षित वर्ग रु ५,००,०००

क. बालबालिका रु १,१०,००० ख महिला १,००,००० ग. जनजाती रु ६०,००० घ. दलित ५०,०००

ङ पिछडा वर्ग रु ४०,००० च.जेष्ठ नागरिक रु ४०,००० छ.अपांग तथा मानसिक रोगी १,००,०००

प्रश्ताव नं १ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका वडा नं ५ मा चालु आव ०७६/०७७ मा विभिन्न शिर्षकमा विनियोजन भएको रकमको उपभोक्ता समिति तत्काल गठन गर्ने भनी सर्वसहमतबाट निर्णय पारित गरियो ।

नोट : मठमन्दिर को मौन्दात रकम रु ३०,००० विविधमा रहेको रकम रु १,००,००० मा थप गर्ने

# वडा नं. १०

निर्णय हरू

प्रस्ताव नं १ माथी छलफल गर्दा यस १० नम्बर वडामा यस चालु आ.व. ०७६/०७७ मा सञ्चालन हुने ~~योजना हरू~~ तपसिल अनुसार का योजना-हरू परिवर्तन गर्नु पर्ने भएको हुँदा चौ. न. पा. को विशेष नगर सभा-मा अनुमोदन का लागी पठाउने भनि सर्व सम्मत निर्णय पारित-गरियो।

तपसिल

| सि.नं | हालको योजना | संसोधन गर्नु गर्नु पर्ने योजना |
|---|---|---|
| १. | वडा को बजेट बाट विभिन्न छेत्र संस्था संग समन्वय गरी कार्यक्रम जोड कोष ५०००००/- | १० नम्बर वडा को सडक मा पानी छिटने काम रु १०००००/- |

Scanned by CamScanner

# वडा नं. १०

| क्र.सं. | योजना को नाम | रकम | क्र.सं. | संसोधित योजना को नाम | रकम |
|---|---|---|---|---|---|
| १. | नगरको बजेट सिंचाई अन्तरगत चोम्ला बान्धि | ८०००००।- | १. | चोम्ला बन्दि बोरिङ मोटर | ५०००००।- |
| | खोडा बोरिङ सिंचाई | २०००००।- | २. | देवघार, खोडा स्वोरिङ मोटर | ५०००००।- |
| | देवघार बोरिङ ,, | २०००००।- | | | |
| | सान्तीनगर बोरिङ ,, | २०००००।- | ३. | इकादा, अन्य स्थानहरु मा बोरिङ मोटर | ५०००००।- |
| | इकादा सिंचाई | १०००००।- | | | |
| | जम्मा | १५०००००।- | | जम्मा | १५०००००।- |
| २. | खोडामा सहरी स्वास्थ्य केन्द्र सञ्चालन का लागी १ एकजना H.A लाई तलब समेत रु | ६६६०००।- | २. | शहरी स्वास्थ्य केन्द्र खोडा को H.A - १ र अ.न.मि. १ जना समेत २ जना को तलब र हडिया र खोडा को शहरि स्वास्थ्य केन्द्र व्यवस्थापन समेत | ६६६०००।- |
| ३. | विपद व्यवस्थापन मा विनियोजन भएको रु | २५००००।- | ३. | वडा कार्यालयहरुका फर्निचर सामाग्री समेत | १०००००।- |
| | | | | अवलोकन भवन मा विद्यालय समेत | ५००००।- |

नोट:- चालु आ.व.को बजेट तथा योजना संशोधनको लागी वडा नं. १, ६ र ८ बाट निर्णय भई आएको हुँदा विशेष नगर सभाको दिन सम्म संशोधनको निर्णय भई आएमा सोही विशेष नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय पारित गरियो। साथै नगर स्तरीय योजनाहरु तथा बजेट समेत केही संशोधन गर्नु पर्ने भएको हुँदा तपसिल अनुसार बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदनको लागी नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

Scanned by CamScanner

<u>नि.नं.२</u> प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग बाट समपूरक कोष तथा विशेष कोष अन्तर्गत नगर. भवन निर्माण र राजधारा खानेपानी योजनाको लागि आवश्यक जोडकोष रकम यस नपा.को जोडकोष शीर्षकमा विनियोजित रकम बाट उपलब्ध गराउने निर्णय पारित गरियो ।

<u>नि.नं.३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग द्वारा संचालित समपूरक कोष तथा विशेष कोष कार्यक्रमको लागि तपसिल अनुसारका कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

<u>समपूरक कोष तर्फ :-</u>

१. त्रियुगा खोला, शिवालय मन्दिर, नमुना आधारभूत विद्यालय, पानी ट्याङ्की, पर्वत दाहालको घर हुँदै हडिया बजार सम्म सडक निर्माण ।

२. चरन चौक, नयाँ तामाङ टोल, त्रिशक्ति चोक, कालीखोला नयाँ पुल हुँदै नारदमुनि चौक जाने सडक निर्माण ।

३. हाइवे वरपीपल चौक, पाँच्यालीटोल, बालाडल्खाली टोल, भाल्जीडाँडा, स्कुल बारी सम्म सडक निर्माण ।

<u>विशेष कोष तर्फ :-</u>

१. कृषि बजार व्यवस्थापन वडा नं. १ रानीटार

<u>नि.नं.४</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय उदयपुरको च.नं. २८६३ मिति २०७६।०९।२६ गतेको प्राप्त पत्र अनुसार २२ औं भूकम्प सुरक्षा दिवस, २०७६ न.पा. तथा वडा स्तरमा विविध जनचेतना मूलक कार्यक्रम आयोजना गरी मनाउने निर्णय गरियो ।

<u>नि.नं.५</u> प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नपा.को चालु आ.व. मा सञ्चालन हुने तपसिलका योजनाहरुको राष्ट्रिय स्तरको पत्रिकामा ई-बिडिङ्गको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. चौदण्डीगढी नगरपालिकाको प्रशासनिक भवन निर्माण ।

२. राजधारा खानेपानी लिफ्टसिस्टम निर्माण वडा नं. ८ ।

३. रातमाटे डाँडा वडा नं. ६ देखी सागेला चोक वडा नं. ७ सम्म सडक कालोपत्रे निर्माण ।

Scanned by CamScanner

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गा.पा.को विभिन्न वडा बाट अति विपन्न नागरिक हरुको औषधी उपचार आर्थिक सहयोगको लागी सिफारिस भई आएको हुँदा गा.पा.को स्वास्थ्य राहत कोष कार्यविधि अनुसार तपसिल अनुसारका बिरामिहरुलाई तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. ललिते लोरिक चौधरी वडा नं. ९ (क्यान्सर) रु. ५०,०००/-
२. डाकुमान विश्वकर्मा वडा नं. ४ (हातको इम्पुटेसन) रु. १०,०००/- (दशहजार)
३. कमलेस सुब्बा राई वडा नं. ३ (क्यान्सर) रु. ५०,०००/-
४. दिपा राई वडा नं. ९ (पेट तथा पाठेघरको संक्रमण) रु. ५०००/-
५. कुश्लेश्वर चौधरी वडा नं. ५ (मुटु रोग) रु. ५०,०००/-
६. साकें लामाङ वडा नं. ६ (पित्तथैली पथ्थरी) रु. ५०००/-
७. फूलकुमारी विश्वकर्मा वडा नं. ७ (मुटु रोग) रु. १०,०००/-

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा अपाङ विकास संघ गाईघाट उदयपुरको च.नं. ६० मिति २०७६।०३।०४ गतेको माग निवेदन अनुसार उक्त संघ बाट फाल्गुण १ देखी हुने मेची महाकाली चारपाङ्गे मोटर-साइकल शान्ति यात्राको को लागी गा.पा.को अपाङ शीर्षकमा विनियोजित रकम बाट रु. १५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गा.पा.को वडा नं. ७ को कल्याण पाङ्हाङ चौके टोल सुधार विकास समितिको माग निवेदन अनुसार उक्त टोल सुधार समितिले संचालन गरेको लागु औषध दुर्व्यसनी सम्बन्धी चेतनामूलक कार्यक्रमको खर्च रकम रु. १५,०००/- गा.पा.को चालु तर्फको अन्य कार्यक्रम खर्च बाट भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गा.पा.को वडा नं. ७ को किरात राई समितिको माग निवेदन अनुसार येलेदाङ नयाँ सम्वत ५०८० चाँड मनाउनको लागी गा.पा.को जनजाति शीर्षक बाट रु. १००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नपा.मा नेपाल टेलिकमको ADSL नेट जडान भएकोमा लेखाको सफ्टवेयर सञ्चालनमा समस्या भएको हुँदा स्थानीय क्षेत्रमा रहेको सुविसी नेट १ थान जडान गर्ने निर्णय गरियो ।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नपा.मा कार्यरत कर्मचारीहरुलाई तपसिल अनुसार जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपसिल

१. मोहन कुमार राई - सहायक पाँचौं - वडा सचिव वडा नं. १
२. नानु कटेल - सहायक चौथो - वडा सचिव वडा नं. २
३. प्रिया पोखरेल - सहायक चौथो - वडा सचिव वडा नं. ३
४. राम मोहन बस्नेत - सहायक पाँचौं - वडा सचिव वडा नं. ४
५. अंग बहादुर भुजेल - प्रा० स० - वडा सहायक वडा नं. ६

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा मालपोत कार्यालय उदयपुरलाई उक्त कार्यालयको स्रेस्ता पोका बनाउने प्रयोजनको लागि यस नपा.को चालु तर्फको कार्यक्रम खर्च शीर्षक बाट रु.१००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नपा.को गरिब घर-परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनको लागि सुपरिवेक्षक तथा गणक छनौट समितिको सिफारिस अनुसार तपसिल अनुसारका सुपरिवेक्षक तथा गणकहरुलाई करार सेवामा नियुक्ति दिने निर्णय गरियो । नियुक्ति मिती २०७६।१०।१ गते बाट लागू हुनेछ ।

तपसिल

सफल उम्मेदवार पदः- सुपरिवेक्षक

| क्र.सं. | नाम थर | ठेगाना | बुबाको नाम थर | बाजेको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १. | पुष्पलाल गिरी | चौ.न.पा.३ | रामलाल गिरी | पदमलाल गिरी | |

पदः- गणक

| क्र.स. | नाम थर | ठेगाना | बुबाको नाम थर | बाजेको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रमिता बस्नेत | चौ.न.पा.६ | शयाम कुमार बस्नेत | ईन्द्रबहादुर | |
| २ | अनुसा राई | चौ.न.पा.७ | कमलमान राई | खम्बसिंह राई | |
| ३ | ममता बि.क. | चौ.न.पा.२ | मिनबहादुर बिश्वकर्मा | रघुबिर बिश्वकर्मा | |
| ४ | अन्जुकुमारी चौधरी | चौ.न.पा.५ | भगवती चौधरी | चौवाई | |
| ५ | धिरज भट्टराई | चौ.न.पा.२ | शारदा प्रसाद भट्टराई | अर्कलाल भट्टराई | |
| ६ | सृजना राई | चौ.न.पा.८ | मानबहादुर राई | कर्णबहादुर राई | |
| ७ | सुम्निमा राई | चौ.न.पा.३ | जंगबहादुर राई | डम्बरबहादुर राई | |
| ८ | सृजना राई | चौन.पा.७ | बलराम राई | कृष्णध्वज राई | |

Scanned by CamScanner

नि.नं-१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस न.पा.को सम्पूर्ण वडाको समूह/समितिहरूले कार्यक्रम तयार गरि पेश गरेको हुँदा पेश भए अनुसारको तपसिलको अनुसारको कार्यक्रमहरु अनुमोदन -को लागि विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.१५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा नेपाल भ्रमण वर्ष २०२० को अवसरमा चौदण्डीगढी न.पा. कार्यालय द्वारा आयोजित Ride to Chaudandigadhi लगायत चौदण्डीगढी दरबार र बेल्टार बजारको बसपार्कमा संचालन गरेको कार्यक्रमहरु सहित visit Nepal २०२० को शुभारम्भको अवसरमा संचालन भएका सम्पूर्ण कार्यक्रमहरुको तपसिल अनुसारको खर्च रकम अनुमोदन गरियो । साथै उक्त खर्च मध्ये चौदण्डीगढी साइकल सिटी बेल्टारको खर्च रकम न.पा.को अन्य खेलकुद कार्यक्रम शीर्षक बाट र अन्य सम्पूर्ण खर्चहरु न.पा.को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षक बाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

तपसिल

१. १३ औं साग गेमका उदयपुरका खेलाडीहरु लाई पुरस्कार वितरण रु. ५,६४,०००।-
२. बसपार्कमा संचालन भएको कार्यक्रम जुम्बा डान्स सेन्टर रु. २३,६४०।-
३. सनराईज फोटो स्टुडीयो फ्लेक्स ब्यानरहरु निर्माण रु. १४,४८०।-
४. खाना खाजा होटल चौदण्डी दरबार रु. ४,०१,३०६।५०
५. साइक्लिङ्ग खर्च (चौदण्डीगढी साइकल सिटी बेल्टार रु. २,५५,४४३।१२
६. प्रमाणपत्र, मेटल छपाई ~~प्रिन्ट~~ सगरमाथा प्रिन्ट लिंक बेल्टार रु. १३,८००।-
७. गाडी भाडा रु. १६९,८५०।-
८. खाना खाजा रोयल होटल एण्ड लज बेल्टार रु. ३०,०००।-
९. वडा नं. १ बाट कार्यक्रम संचालन भएको दिनको जम्मा खर्चहरु-
(क) खाना खर्च रु. १,६०,६५५।-
(ख) प्रचार प्रसार रु. ८६,३५०।-
(ग) गेट निर्माण रु. ३५,२२२।-
(घ) कुर्सी ~~[illegible]~~ भाडा रु. २६,६००।-
(ङ) अन्य विविध खर्च रु. १४,४३०।-

जम्मा कुल खर्च रु. १९,४५,६३५.६२

जम्मा खर्च अक्षरेपी उन्नाइस लाख पैंतालिस हजार छ सय पैंतिस रुपैयाँ पैसा बैसठ्ठी मात्र।

Scanned by CamScanner

नि.नं.१६ प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका ३ वटै बैंकहरु रा.बा., कृषि र सिद्धार्थ संग समन्वय गरि एक स्वरोजगार कोषको स्थापना गर्ने निर्णय गरियो ।

नि.नं.१७ प्रस्ताव नं.१७ माथि छलफल गर्दा बेल्हार पोलिक्लिनिक एण्ड डाइग्नोस्टिक सेन्टर दर्ताको लागि स्वास्थ्य कार्यालय उदयपुरलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.१८ प्रस्ताव नं.१८ माथि छलफल गर्दा अखिल नेपाल फुटबल संघको च.नं.५६३ मिति २०७६।०८।१२ गतेको प्राप्त पत्र अनुसार - उक्त संघ द्वारा आयोजित मिति २०७६ माघ महिनाको दोस्रो साताबाट संचालन हुने उप मेयर राष्ट्रिय महिला फुटबल लिग प्रतियोगिता 2020 फुटबल प्रतियोगितामा यस न.पा.को तर्फबाट महिला फुटबल खेलाडी टिम सहभागी हुन पठाउने निर्णय गरियो ।

नि.नं.१९ प्रस्ताव नं.१९ माथि छलफल गर्दा यस न.पा.को मुख्य बजार बेल्हारको बसपार्क, पुष्पलाल चौक र रा.बा. बैंक आसपासमा CCTV जडान गर्ने साथै इलाका प्रहरी कार्यालय बेल्हारको लागी आवश्यक ३ थान CCTV उपलब्ध गराउने निर्णय पारित गरियो । उक्त CCTV हरु न.पा.को मेसिनरी औजार खरिद शीर्षक बाट तत्काल खरिद गरि जडान गर्ने निर्णय गरियो ।

नि.नं.२० प्रस्ताव नं.२० माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रममा घटना दर्ता लाई व्यवस्थापन कार्यक्रम (६० वर्ष माथिको) नागरिकको मृत्यु भएमा मृत्यु दर्ताको आधारमा मृतकका परिवारलाई रु.१०,०००।- काजकिरिया खर्च उपलब्ध गराउने गरि रु.८००,०००।- विनियोजन भएकोमा उक्त रकम सकिएकोले हाल यस न.पा.को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षक बाट रु.३००,०००।- (तीन लाख) ट्रान्सफर गरि काजकिरिया खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त रकमान्तरलाई नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

नि.नं.२१ प्रस्ताव नं.२१ माथि छलफल गर्दा यस न.पा.को करार सेवामा कार्यरत कर्मचारी नेत्र बहादुर वि.क. र सुवास बहादुर शर्दको माग निवेदन अनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त सेवा सुविधा अनुमोदनको लागि विशेष नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो । जसमा नेत्र बहादुर वि.क.लाई सहायकस्तर पाँचौं तहको शुरु स्केल र ... मासिक रु.२०,०००।- उपलब्ध गराउने निर्णय गरियो । २०७६।१०।१७ ...

Scanned by CamScanner